| क्र.सं. | प्रस्ताव तथा सो सम्बन्धमा भएको निर्णय |
|---|---|
| १ | **अघिल्लो बैठकको समिक्षा तथा समसामयिक विषयका सम्बन्धमा ।** |
| | रामारोशन गाउँकार्यपालिकाको अघिल्लो वैठक, सो बैठकको कार्यान्वियन तथा अन्य समसामयिक विषयमा छलफल गरियो । |
| २ | **विद्यालय डाउनसाइज, समायोजन तथा दरवन्दी मिलान सम्बन्धमा ।** |
| | १. रामारोशन गाउँपालिका शिक्षा शाखाको नेतृत्त्वमा उपस्थित विद्यार्थी संख्या, दरवन्दि विवरण, भौगोलिक दुरी समेतलाई मध्यनजर गरि तयार गरिएको प्रतिवेदनको आधारमा विद्यालय डाउनसाइज, समायोजन तथा दरवन्दी मिलान गर्ने निर्णय भएकोमा मिति २०८२।१२।१० को शिक्षा समितिका पदाधिकारी तथा वैठकमा उपस्थित आमन्त्रित महानुभावहरुबाट पनि आफ्नो क्षेत्र तथा वडाको विद्यालयको कक्षा तथा तह जोगाउन तिर नै लबिङ्ग भएको सन्दर्भमा आफ्नो बाहेक अन्य विद्यालय मात्र डाउनसाइज तथा समायोजन गरौ भन्ने ढंगले समग्र प्रकृया नै रोकिने भएकोले तत्काल विद्यालय डाउनसाइज तथा मर्ज एवं दरवन्दी मिलानको कार्य स्थगित गर्ने ।<br>२. शाखाको डाउनसाइज, मर्ज, समायोजनको सूचीमा समावेस विद्यालयलाई मध्यनजर गरि गाउँपालिकाको तर्फबाट गाउँपालिका अनुदान शिक्षक दिने । |
| ३ | **गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा ।** |
| | रामारोशन गाउँकार्यपालिका र गाउँ सभाबाट निर्णय भए बमोजिम गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षक तथा वालविकास शिक्षकका विषयमा तपसिल अनुसार गर्नेः<br>१. गाउँपालिका अनुदान शिक्षकमा कार्यरत शिक्षक तथा वाललिकास शिक्षकहरुको करार सम्झौता २०८२ साल चैत्र मसान्त पश्चात नविकरण नगर्ने ।<br>२. विद्यमान ९७ दरवन्दीलाई ३० कायम गरि पुर्वर्धारित ७५ प्रतिसत आन्तरिक र २५ प्रतिसत खुलाको अवधारणा बमोजिम पदपुर्ति गर्ने ।<br>३. ३० दरबन्दि मध्येबाट अत्यावश्यक विद्यालयमा दरवन्दि वितरण गर्ने ।<br>४. रामारोशन गाउँपालिकाको **गाउँपालिका अनुदान शिक्षक नियुक्ति कार्यविधि २०८२** पारित गर्ने ।<br>५. आन्तरिक प्रतियोगितात्मक परिक्षामा सहभागी कार्यरत शिक्षकलाई उमेरहद नलाग्ने । |
| ४ | **आयोजना म्याद थप सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिका जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजनाको आर्थिक सहयोगमा आ.व. २०८१।०८२ बाट क्रमागत गरी आ.व. २०८२।०८३ मा संचालनमा रहेका तपशिल बमोजिमका खानेपानी तथा सरसफाइ र सिंचाइ योजनाहरुको सम्पुर्ण निर्माण कार्य सम्पन्न भइ उपभोक्ताहरुबाट अन्तिम अनुगमन तथा |

| | |
|---|---|
| | योजनाको फरफारक प्रक्रियाका लागि जानकारी प्राप्त भएको तर निर्बाचन आचार संहिताका कारण औपचारिक अन्तिम अनुगमन तथा आम भेला गर्न नसकिएको तर उक्त योजनाहरुको सम्झौताको म्याद फागुन मसान्तमा समाप्त भएको हुदा तपशिल बमोजिमका योजनाहरुको म्याद २०८३ जेठ ३१ गते सम्मका लागि थप गरी उक्त अवधि भित्र गाउँपालिका लगायत सरोकारबालाहरुबाट औपचारिक अन्तिम अनुगमन सम्पन्न गरी योजनहरुको सम्पुर्ण खर्चहरु भुक्तानी गरी योजनाहरुको फरफारक गर्ने/गराउने । |

**तपशिल**

| क्र. सं. | योजनाको नाम | ठेगाना | म्यादथप गरिएको अवधि |
|---|---|---|---|
| १ | घट्टेखोला खानेपानी योजना | रामारोशन-१ | २०८३।२।३१ |
| २ | सिमखोला धरमपाटा सिँचाइ योजना | रामारोशन -७ | २०८३।२।३१ |
| ३ | हाडेओडार खानेपानी योजना | रामारोशन-३ | २०८३।२।३१ |
| ४ | तुसार पानी (क)खानेपानी योजना | रामारोशन-३ | २०८३।२।३१ |
| ५ | छौखोला ठुला खेत सिँचाई योजना | रामारोशन-४ | २०८३।२।३१ |
| ६ | दल्लारुख खानेपानी योजना | रामारोशन -२ | २०८३।२।३१ |

| | |
|---|---|
| ५ | **श्रोतब्यक्ति परिचालन रकम भुक्तानी सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिकामा लामो समयदेखी वास इकाइमा कार्यरत तथा हाल गत माघ महिना देखी समुदायमा उपभोक्ता समीतीहरुलाइ स्थानीय कर्मचारीको हैसियतले भोलिन्टीयर सहजीकरण गरीराखेका तपिशल बमोजिमका स्थानीय सेवा प्रदायकहरुलाइ यही २०८२ फागुन महिनामा रामारोशन गाउँपालिका जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजना अन्तरगत सञ्चालनमा रहेका उपभोक्ता समीतीहरुलाइ योजनाहरुमा सहजीकरण गरेको हुदा १५ दिन बराबरको सहायक चौथो स्तरको पारीश्रमीक पाउने गरी दैनीक ज्यालादारीमा काम लगाए बापतको रकम डोर हाजीरी तथा कर्य सम्पन्न प्रतीबेदनका आधारमा रामारोशन गाउँपालिका जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजना अन्तरगत चलु आ. ब. २०८२।०८३ को स्विकृत बार्षिक कार्यक्रममा उल्लेखित प्राविधिक **श्रोत ब्यक्ती परिचालन** शिर्षकबाट भुक्तानी गर्ने ।<br><br>**तपशिल**<br>• हिरेण्ड कुमार भण्डारी रामारोशन गाउँपालिका १ अछाम<br>• कालु बि.क. रामारोशन गाउँपालिका ५ अछाम |
| ६ | **LACC परियोजना, परियोजना व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।** |

<table>
<tr><td></td><td>रामारोशन गाउँपालिकाको LACC परियोजनाको परियोजना व्यवस्थापन समितिको मिति २०८२।१२।०६ गतेको परियोजना व्यवस्थापन समितिले गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने ।</td></tr>
<tr><td>७</td><td>करारमा कर्मचारी नियुक्त गर्ने सम्बन्धमा ।</td></tr>
<tr><td></td><td>रामारोशन गाउँपालिका वडा नं ५ स्थित रामारोशन स्वास्थ्य चौकिमा रिक्त रहेको कार्यालय सहयोगी १ जना, वर्थिङ सेन्टरमा १ जना स्वीपर र भ्याकुलोडरको अपरेटर करार सेवामा खुला प्रतियोगितात्मक परिक्षाबाट नियुक्त गर्ने ।</td></tr>
<tr><td>८</td><td>उद्यम विकास समिति गठन सम्बन्धमा ।</td></tr>
<tr><td></td><td>रामारोशन गाउँपालिकाको उद्यम विकास समिति तपसिल बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने गरि गठन गर्नेः<br>तपसिलः
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>पद</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री मान बहादुर साउँद</td><td>संयोजक</td><td>गाउँपालिका अध्यक्ष</td></tr>
<tr><td>२</td><td>श्री मीन बहादुर परियार</td><td>सदस्य</td><td>आर्थिक विकास समिति संयोजक</td></tr>
<tr><td>३</td><td>श्री राम बहादुर भण्डारी</td><td>सदस्य</td><td>प्रमुख प्रशासकीय अधिकृत</td></tr>
<tr><td>४</td><td>श्री मुगा थापा</td><td>सदस्य</td><td>गाउँसभा सदस्य</td></tr>
<tr><td>५</td><td>श्री ईशा रावल</td><td>सदस्य</td><td>महिला उद्दमी</td></tr>
<tr><td>६</td><td>श्री देव बहादुर साउँद</td><td>सदस्य</td><td>सहकारी संस्था अध्यक्ष</td></tr>
<tr><td>७</td><td>श्री शंकर बहादुर थापा</td><td>सदस्य</td><td>उद्दम विकास सहजकर्ता</td></tr>
</table></td></tr>
<tr><td></td><td>विविध ।</td></tr>
<tr><td></td><td>१. राष्ट्रिय परिचय पत्रको विवरण संकलनको लागी विभागसंग समन्वय गरि उपकरण तथा जनशक्ती सहित गाउँपालिकाबाट सेवा सुरु गर्नका लागी विभागले खटाएको श्री शैलेश कुमार ठाकुरको कोठाभाडा तथा दैनिक रु ३००।०० का दरले खानाको रकम दायित्त्व लिने र भुक्तानी दिने ।<br>२. रामारोशन गाउँपालिका कृषि इकाईमा दरबन्दी चौथो तहमा कार्यरत यशोदा देवकोटालाई स्थानीय कृषि सेवा चौथो तहको सुरु तलव वरावरको तलव सुविधा दिने ।<br>३. रामारोशन गाउँपालिका वडा नं ३ स्थित श्री गरुड आवि नजिक आएको पहिरो रोकथामका लागी प्राविधिक पठाइ आवश्यक कार्य गर्ने र उक्त कार्य वापतको दायित्व कार्यालयले लिने ।<br>४. रामारोशन गाउँपालिका वडा नं ५ स्थित श्री यशोदा माध्यमिक विद्यालयको प्रखाल चर्किई जोखिम बढेकोले प्राविधिक पठाइ उक्त प्रखाल निर्माणको कार्य गर्ने ।<br>५. कार्यपालिका सदस्य श्री गोरिकला बिकलाई रु २५ हजार उपचार सहायता रकम भुक्तानी दिने ।</td></tr>
</table>